# स्थानीय राजपत्र


**याङवरक गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६)  थर्पु, पाँचथर  असोज १३ गते, २०७९ साल  (संख्या ६**


# भाग २

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको मिति २०७९/०६/१० गतेको बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको कार्यविधि संख्या-४**

## साना सिंचाई आयोजना लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना: -** यस याङवरक गाउँपालिका भित्र कमाण्ड क्षेत्र रहने गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह र स्विस सरकारको वित्तिय अनुदान/सहयोग बाट निर्माण भई हाल सञ्चालनमा रहेका साना सिंचाई आयोजनाहरुले समेट्ने क्षेत्रहरुमा कृषि जन्य बाली बस्तु तथा सेवाको उत्पादन,प्रबर्द्धन गरी निर्यातमुलक कृषि जन्य बाली तथा बस्तुको उत्पादन र बजारीकरणमा बढोत्तरी गरी कृषकहरुलाई आत्मनिर्भर बनाउदै समग्र रुपमा कृषकहरुको आय आर्जनमा टेवा पुर्याउने आशयले साना सिंचाई आयोजना लक्षित कार्यक्रम गर्नु पर्ने भएको र उक्त कार्यक्रम संचालन प्रकृया लाई व्यवस्थित गर्न वान्छनीय भएकाले याङवरक गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा (४) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ: -** (१) यस कार्यविधिको नाम "साना सिंचाई आयोजना लक्षित कार्यक्रम सञ्चालन कार्यविधि-२०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :-**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) " गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ग) “अनुदान” भन्नाले याङवरक गाउँपालिकाको विनियोजित बजेट अनुसारको स्विकृत साना सिंचाई आयोजना लक्षित कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिबृद्दि, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि लक्षित क्षेत्र भित्र रहेका कृषक समूह/कृषि सहकारीहरु लाई प्रदान गरिने वित्तिय/जिन्सी सहुलियत लाई सम्झनु पर्दछ।

(घ) " लक्षित समुह भन्नाले" याङवरक गाउँपालिका वडा नं. १-६ भित्र निर्माण सम्पन्न भई सकेका साना सिंचाई आयोजनले समेट्ने क्षेत्र/भूगोल भित्र रहेका कृषक समूह/कृषि सहकारीहरु लाई सम्झनु पर्दछ।

(ङ) "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका कृषक समूह/कृषि सहकारी संस्थाहरु लाई सम्झनु पर्दछ।

(च) "लाभग्राही छनौट समिति" भन्नाले दफा (६) को उपदफा (१) बमोजिमको समिति लाई सम्झनु पर्दछ।

(छ) "अनुगमन तथा सिफारिस समिति" भन्नाले दफा (५) को उपदफा (१)बमोजिमको समिति लाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## कार्यक्रमको उद्देश्य तथा लाभग्राही छनौट प्रकृया

३. **कार्यक्रमको उद्देश्य :**

(१) निर्वाहमुखी कृषकहरु लाई व्यवसायिक कृषकमा रुपान्तरण गरी कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(२) कृषि क्षेत्रमा व्यवसायिकता र उद्यमशिलताको प्रवर्दन गर्ने

(३) शिक्षित वेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गराई स्थानीय स्तरमा रोजगारीको सिर्जना गर्ने।

(४) आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्दन गर्ने।

४. **अनुदानको सूचना र अनुदानग्राहीको छनौटः-**(१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्न याङवरक गाउँपालिकाले वार्षिक स्विकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषक समूह/कृषि सहकारीहरु सम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागि १५ दिनको अनुसूची(१) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ। यो सूचना प्रकाशन सम्बन्धि कार्य चालु आ.व. को कार्तिक महिना भित्र गरीसक्नु पर्नेछ।

(२) यस कार्यक्रमको अनुदान मागका लागि अनुसुची(२) बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानबिन गरी छनौटका लागि छनौट समितिमा पठाउनु पर्नेछ। छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट कार्यक्रम कार्यान्वयन हुनेछ।

५. **अनुगमन तथा सिफारिस समिति :**(१) यस कार्यविधि अनुसार अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नको लागि देहाय बमोजिमको अनुगमन तथा सिफारिस समिति रहनेछ।

(क) संयोजक : गाउँपालिका उपाध्यक्ष

(ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य सचिव : कृषि विकास ईकाइ प्रमुख

(२) अनुगमन समितिको काम कर्तव्य र अधिकार।

क. आएका आवेदनहरु उपर स्थलगत अनुगमन गर्ने।

ख. अनुसूची (३) बमोजिमका आधारमा स्थलगत अनुगमन गरेर अंक प्रदान गरी छनौट समितिमा सिफारिस गर्ने।

ग. कार्यक्रमको नियमित अनुगमन गर्ने।

घ. अनुदान रकम भुक्तानी सिफारिस गर्ने।

६. **छनौट समिति :** (१) यस कार्यविधि अनुसार अनुदान प्रवाहको प्रक्रिया सहजीकरण तथा लाभग्राही छनौट गर्नको लागि देहाय बमोजिमको छनौट समिति रहनेछ।

संयोजक : आर्थिक विकास समिति संयोजक

सदस्य : आर्थिक विकास समिति सदस्य

सदस्य : आर्थिक विकास समिति सदस्य

सदस्य सचिव : कृषि विकास ईकाइ प्रमुख

नोट : आमन्त्रित सदस्य बढीमा २ जना रहनेछन्।

(२) यस कार्यविधि अनुसार छनौट समितिले अनुसुची (४) बमोजिमको आधारमा लाभग्राही छनौट गर्नेछ।

## परिच्छेद - ३
## कार्यक्रम सम्बन्धि क्रियाकलाप, अनुदान, सम्बन्धी व्यवस्था

७. **कार्यक्रममा समावेश गरिने क्रियाकलापहरु र खेति गर्नु पर्ने क्षेत्रफल:** यस कार्यक्रममा याङवरक गाउँपालिकाबाट उपलब्ध गराईने अनुदान रकम बाट मल, बिउ बिषादी उत्पादन/ सिंचाई शामाग्री साथै उत्पादनोपरान्त आवश्यक सामाग्रीहरु खरिद गरी कार्यक्रम संचालन गर्न सकिनेछ । यस कार्यक्रम अन्तर्गत जुन सुकै बालीको हकमा कम्तिमा ५० रोपनी क्षेत्रफलमा खेति गर्नु पर्नेछ ।

८. **अनुदान रकमको सीमा:** यस कार्यक्रम संचालनका लागि याङवरक गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम कुल लागतको ७५ (पचहत्तर प्रतिशत) भन्दा बढि हुने छैन ।

९. **अनुदान रकमको निर्धारण:** यस कार्यविधि अनुसार छनौट समितिको सिफारिसमा लाभग्राहीलाई उपलब्ध गराउने अनुदान रकम निर्धारण हुनेछ ।

१०. **लाभग्राहीसँग सम्झौता गर्नु पर्ने :** यस कार्यविधि अनुसार छनौट समितिबाट लाभग्राही छनौट र अनुदान रकम निर्धारण भईसके पश्चात अनुसूची (५) बमोजिमको ढाँचामा लाभग्राही संग सम्झौता गरिनेछ ।

११. **खरिद प्रक्रिया :** यस कार्यविधि अनुसार लाभग्राहीहरु छनौट भईसके पश्चात सम्झौता अनुसारको सम्पूर्ण बिउ-बिजन लगायत अन्य सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार गाउँपालिका स्वयंले खरिद गरी लाभग्राही लाई एक कार्यक्रम आयोजना गरी हस्तान्तरण गर्नेछ ।

१२. **अनुदान भुक्तानी प्रक्रिया :**(१)लाभग्राहीहरुले सम्झौता अनुसार कार्य सम्पन्न गरे पश्चात अनुगमन समितिको सिफारिसको आधारमा अनुदान रकम एकामुष्ट भुक्तानी गरिने छ ।

(२) सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा अनुगमन तथा सिफारिस समितिले मुल्याङ्कन गरी सिफारिस गरेको रकम मात्र भुक्तानी गरिनेछ ।

१३. **असुल उपर गर्नु पर्ने : (**१) याङवरक गाउँपालिकाले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

१४. **कार्यक्रम संचालन तथा व्यवस्थापन :** यस कार्यक्रमको लाभग्राहीहरु छनौट भई सके पश्चात कार्यक्रम संचालन सहजिकरण तथा क्षमता विकास कार्यक्रम संचालनको लागि विनियोजित वजेटको अधिकतम ८ (आठ) प्रतिशत र समग्ररुपमा यस कार्यक्रम अन्तर्गत ढुवानी प्रयोजनको लागि अधिकतम ५ (पाँच) प्रतिशत सम्म रकम विनियोजन गरी कार्यान्वयन गर्न सकिनेछ ।

१५. **दोहोरो सुविधा लिन नपाउने :** लाभग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी

निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन।

१६. **लाभग्राही जिम्मेवार हुने :** कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा लाभग्राही स्वमं जिम्मेवार हुनेछ।

१७. **प्रचलित कानून बमोजिम हुने :** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. **परिमार्जन तथा संशोधन :** यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

अनुसुची १

दफा ४ को उपदफा १ सँग सम्बन्धित

सूचनाको ढाँचा

**याङवरक गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**(आर्थिक विकास शाखा)**

**कृषि ईकाइ**

**थर्पु,पाँचथर**

**१ नं. प्रदेश, नेपाल**

**सूचना नं : ...-....../.......कृषि शाखा** **मिति :**

**विषय : सूचना प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा, यस याङवरक गाउँपालिका आर्थिक विकास शाखा कृषि ईकाइको आ.व. ........./ ........... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार साना सिंचाई आयोजना लक्षित कार्यक्रम (७५ प्रतिशत अनुदान) संचालन गरिने भएको हुँदा यस याङवरक गाउँपालिका भित्र निर्माण सम्पन्न भई संचालनमा रहेको साना सिंचाई आयोजनाले समेट्ने क्षेत्र भित्र रहेका कृषक समूह/कृषि सहकारी संस्थाहरुमा यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा माग निवेदन दिनुहुनका लागि सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रमको नाम | वजेट | संचालन हुने वडा | कैफियत |
|---|---|---|---|---|
| १ | साना सिंचाई आयोजन लक्षितकार्यक्रम | रु. ..........।- | १-६ | |

.......................

प्रमुख प्रशासकीय अधिकृत

**आवस्यक कागजातहरु :**

१. कृषक समूह/कृषि सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. पान दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. संस्थाको निर्णयको प्रतिलिपि

४. खेति गरिने जग्गाको धनिपुर्जाप्रमाणको प्रतिलिपि (१०० रोपनी)

५. करारमा जग्गा भए कम्तिमा १० बर्षको करार सम्झता पत्र

६. वडा कार्यालयको सिफारिस

७. करचुक्ता प्रमाणको प्रतिलिपि

८. अनुसुची २ बमोजिमको ढाँचामा निवेदन

९. कार्यक्रम संचालन सम्बन्धि कार्ययोजना

अनुसुची २
दफा ४ को उपदफा २ सँग सम्बन्धित
कार्यक्रम माग निवेदनको ढाँचा

मिति : ......../...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
याङवरक गाँउपालिका, थर्पु पाँचथर ।

**विषय : साना सिंचाई आयोजना लक्षित कार्यक्रममा समावेश गरिदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा याङवरक गाँउपालिकाको मिति : ........./.../...... गते प्रकाशित सूचना अनुसार ७५ प्रतिशत अनुदान सहयोगमा साना सिंचाई आयोजना लक्षित कार्यक्रम संचालनको लागि यो निवेदन पेश गरेकाछौं।

आफ्नो तर्फबाट ब्याहोर्नु पर्ने लागत साझेदारी गर्न प्रतिबद्द रहेकाछौं।

**निवेदक**
संस्थाको नाम :
ठेगाना :
सम्पर्क नं. :
छाप :

अनुसुची ३
दफा ४ को उपदफा ५ सँग सम्बन्धित
कार्ययोजना सम्बन्धि ढाँचा

आवेदक संस्थाको नाम :
कार्यक्रमको नाम :
ठेगाना :
सम्पर्क नं.
कृषि सँग सम्बन्धि कुनै तालिम लिएको भए :

| क्र.स. | तालिमको नाम | तालिम दिने निकाय | तालिम अवधि | तालिमबाट भएका मुख्य उपलब्धी |
|---|---|---|---|---|
| | | | | |

कृषि सँग सम्बन्धित कुनै सरकारी/गैरसरकारी संस्था बाट अनुदान लिएको भए :

| के ? प्रयोगको लागि अनुदान लिएको | अनुदान दिने निकाय | अनुदान रकम | आ.व. | उक्त अनुदानबाट गरिएका मुख्य कार्यहरु |
|---|---|---|---|---|
| | | | | |

कार्ययोजना :

| क्र.स. | क्रियाकलाप | प्र.ए.मूल्य | जम्मा रकम | अनुदान रकम | स्व : लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कार्यक्रम कार्यान्वियन गर्ने प्रतिवद्धता :
साझेदारी गर्ने प्रतिवद्धता :

**पेश गर्ने**
संस्थाको नाम :
ठेगाना :
सम्पर्क :
छाप :

अनुसुची ४
दफा ५ को उपदफा २ को (ख) सँग सम्बन्धित
अंकभार सम्बन्धि ढाँचा

टोली प्रमुखको नाम :

अनुगमन गरेको मिति :

स्थान :

निवेदकको नाम :

| क्र.स. | मूल्याङकनका आधारहरु | मूल्याङकन | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामान्य | उत्तम | अतिउत्तम | | |
| १ | भौगोलिक र वातावरणीय उपयुक्तता | २ | ५ | ७ | | |
| २ | प्रस्तावित कार्यक्रम अनुसारको बाली वस्तुको खेति गर्दै आए/ नआएको | २ | ५ | ७ | | |
| ३ | यातायात सिंचाई र बिजुलीको पहुँच | २ | ४ | ६ | | |
| | जम्मा | | | | | |

अनुगमन/मूल्याङकन कर्ताको दस्तखत :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति :

अनुसुची ५
दफा ६ को उपदफा २ को सँग सम्बन्धित
लाभग्राही छनौटका आधारहरु

लाभग्राही छनौट वैठक संख्या :

| क्र.स. | मुल्याङ्कन आधारहरु | मूल्याङकन | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामान्य | उत्तम | अतिउत्तम | | |
| १ | आवस्यक कागजात पूरा भएको/नभएको | ३ | ७ | १० | | |
| २ | दिर्घकालिन सोच राखेर प्रस्तावना तयार गरे/नगरेको | ३ | ७ | १० | | |
| ३ | कृषक समूहको सदस्यहरुले कृषि संग सम्बन्धित तालिम लिएको/नलिएको | ४ | ६ | १० | | |
| | जम्मा | | | | | |

छनौट समितिका पदाधिकारीहरुको दस्तखत :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति :

अनुसुची ६

दफा १० सँग सम्बन्धित

लाभग्राही सँग सम्झौताको ढाँचा

**सम्झौता**

याङवरक गाउँपालिककोकार्यक्रम कार्यान्वयन ईकाइ याङवरक गाउँपालिका (यसपछी प्रथम पक्ष भनिनेछ) र "साना सिंचाई आयोजना लक्षित कार्यक्रम सञ्चालन कार्यविधि-२०७९" बमोजिम गठित छनौट समितिको मिति : ............. गतेको निर्णय बमोजिम साना सिंचाई आयोजना लक्षित कार्यक्रमको लाभग्राहीमा छनौट भएको श्री ............... (यसपछी दोस्रो पक्ष भनिनेछ) बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति बुझि लियौँ/दियौँ।

१. यो सम्झौता दुवै पक्ष बाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ।

२. दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागि गरिएको सम्झौता र लागत ईस्टीमेटसँग सम्बन्धित सबै क्रियाकलापहरुमा लाभग्राहीले ब्याहोर्नु पर्ने रकम/स्व:लगानी (साना सिंचाई आयोजना लक्षित कार्यक्रम संचालन कार्यविधि २०७९ ले तोकेको प्रतिशतमा) नगदै वा अन्य किसिमले लागत साझेदारी सुनिश्चित गर्नु पर्नेछ।

३. दोस्रो पक्षले परियोजना संचालन गर्दा कार्यालयले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

४. यो परियोजना लाभग्राही आफैले संचालन नगरी अरु कुनै पनि दोस्रो पक्ष लाई हस्तान्तरण गर्न पाईने छैन, यदि सो कार्य गरेमा अनुदान रद्द हुनेछ।

५. यस कार्यक्रमको अनुदान रकम कार्यसम्पन्न गरीसके पश्चात अनुगमन तथा सिफारिस समितिको अन्तिम अनुगमन प्रतिवेदन पेश भए पछि एकमुष्ट हुनेछ।

६. यो कार्य सम्झौता भएको मिति : ......./../.... देखि ......../...../... भित्र सम्झौता/ईस्टीमेट बमोजिमको सम्पूर्ण कार्य सम्पन्न गरी भुक्तानीको लागि कार्यालयमा आउनु पर्नेछ, अन्यथा दोस्रो पक्ष स्वयं जिम्मेवार हुनेछ।

७. यो सम्झौतामा उल्लेख भएका कुराहरु " साना सिंचाई आयोजना लक्षित कार्यक्रम संचालन कार्यविधि २०७९" बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ तथा ईस्टीमेट र कार्य विवरण अनुसार कार्य नगरेको खण्डमा सम्झौता रद्द गरी कानूनी कार्वाही अगाडी बढाईने छ।

८. परियोजना संचालनको क्रममा कुनै पनि किसिमको दैवीक प्रकोप बाट क्षति हुन आएमा दोस्रो पक्ष आफैले जोखिम बहन गर्नु पर्नेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| नाम : | नाम : |
| प्र.प्र.अ. : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

प्रमाणिकरण मितिः २०७९/०६/१०

आज्ञाले
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत